नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय निकायहरुको आ.व. २०७०।७१ को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजा सार्वजनिकीकरण सम्वन्धी

## प्रेश विज्ञप्ति

स्थानीय सरकारको रुपमा रहेका स्थानीय निकायहरुलाई निर्धारित सुत्र र कार्यसम्पादनका आधारमा अनुदान उपलब्ध गराउने अग्रणी मुलुकमा नेपाल पनि पर्दछ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको प्रावधान बमोजिम नेपाल सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम अनुदान उपलब्ध गराउनुका अतिरिक्त सम्बन्धित स्थानीय निकायको जनसंख्या, विकासको स्तर, राजस्व परिचालन गर्न सक्ने सम्भाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय र व्ययको नियमित अभिलेख कार्य, लेखा परीक्षणको स्थिति, आर्थिक अनुशासनको स्थिति जस्ता आधारमा थप अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ। स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेत लिई न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतका आधारमा मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम (२७३)(घ) ले गरेको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३७ मा भएको व्यवस्था अनुसार नेपाल सरकार (मन्त्रीपरिषद) मिति २०६३।८।११ को निर्णय अनुसार स्थानीय निकाय वित्तीय आयोगको गठन गरिएको छ। यस आयोगले अन्य कार्यहरुका अतिरिक्त स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सूचकहरु बनाई मूल्यांकन गरी सो अनुसार पाउने अनुदान रकम निर्धारण गर्ने कार्य समेत तोकिएको छ। यो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय निकाय वित्तीय आयोगले ३ वटै स्थानीय निकायहरुको मूल्यांकनका लागि न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि बमोजिम **स्थानीय निकाय वित्तीय आयोगको सचिवालय**ले स्वतन्त्र मूल्यांकनकर्ताहरु मार्फत सबै स्थानीय निकायहरुको आ.व. ०७०।७१ को मूल्यांकन कार्य सम्पन्न गरेको छ। जिल्ला विकास समिति तथा नगरपालिकाहरुको मूल्यांकन प्रयोजनकालागि स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक ढंगले मूल्यांकनकर्ताहरुको छनौट गरेको थियो। मूल्यांकन प्रयोजनका लागि जिविस तथा नपाहरुलाई ३७ बटा समूहमा विभाजन गरी ३७ वटा टोली छनौट गरिएको थियो। गा.वि.स.को मूल्यांकन भने सम्वन्धित जिविस मार्फत सम्पन्न भएको थियो।

मूल्यांकनको गुणस्तर कायम गर्ने उद्देश्यले १०% स्थानीय निकायहरु (८ वटा जिविस तथा ६ वटा नगरपालिकाहरु) को मूल्यांकनको गुणस्तर परीक्षण समेत गरिएको थियो। मूल्यांकनकर्ताहरुबाट प्राप्त मूल्यांकन प्रतिवेदनहरु प्रतिक्रियाका लागि सम्बन्धित जिविस तथा नगरपालिकाहरुमा पठाइएको थियो। ३७ वटा जिविस र २२ वटा नगरपालिकाहरुबाट गुनासो तथा प्रतिक्रियाहरु प्राप्त भएका थिए। प्राप्त गुनासो तथा प्रतिक्रियाहरुको सुनुवाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूबाट भएको थियो।

न्युशकासको मूल्यांकन नतीजालाई स्वीकृत गर्ने समेत प्रयोजनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूको अध्यक्ष्यतामा गठित सुपरीवेक्षण तथा व्यवस्थापन समितिको मिति २०७२/०४/०७ गते बसेको बैठकले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतीजालाई स्वीकृत गरेको छ। मूल्यांकनको

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अन्तिम नतीजा अनुसार ८० अंक प्राप्त गरी धनकुटा र सिन्धुपाल्चोक जिविसले उत्कृष्ट स्थान हासिल गरेका छन । मूल्यांकन मापदण्डको आधारमा २० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने ४, १५ प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने १०, १० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने १०, १० प्रतिशत पूँजीगत अनुदान कटौती हुने १०, १५ प्रतिशत पूँजीगत अनुदान कटौती हुने ९, न्यूनतम शर्तमा सफल तर कार्यसम्पादन मापनको कार्यक्षेत्रमा असफल भइ थप पूंजीगत अनुदान २० प्रतिशत कटौती हुने २७ वटा जिल्ला विकास समितिहरु रहेका छन् । त्यस्तै न्यूनतम शर्तमा असफल भइ सबै थप पूंजीगत अनुदान नपाउने जिल्ला विकास समिति ५ वटा रहेका छन् । नगरपालिकातर्फ ९१ अंक प्राप्त गरी बुटवल र धनकुटा नगरपालिकाले उत्कृष्टता हासिल गरेका छन । मूल्यांकन मापदण्डको आधारमा २० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने ४, १५ प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने १३, १० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने १२, १० प्रतिशत थप पूंजीगत अनुदान कटौती हुने ११, १५ प्रतिशत कटौती हुनेमा ८, न्यूनतम शर्तमा सफल तर कार्यसम्पादन मापनको कार्यक्षेत्रमा असफल भइ थप पूंजीगत अनुदानबाट २० प्रतिशत कटौती हुने १० वटा नगरपालिकाहरु रहेका छन् ।

गाँउ विकास समिति तर्फ सम्वन्धित जिविस मार्फत देशभरका कुल ३६२५ गाविसको मूल्यांकन सम्पन्न भएकोमा २५४५ गाविसले न्यूनतम शर्तका सूचकहरु पूरा गरेका छन् । मूल्यांकनको परिणाम अनुसार ७० वटा जिविस, सबै नगरपालिका र २५४५ गाविस न्यूनतम शर्तका सूचक पुरा गर्न सफल भएका छन् भने ५ वटा जिविस र १०८० गाविस न्यूनतम शर्तका सूचक पुरा गर्न असफल भएका छन् ।

मुलुकमा लामो समयसम्म स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधि बिहिन अवस्थामा यस प्रकारको मूल्यांकनले स्थानीय निकायहरुलाई जीवन्त राख्न मद्दत गरेको छ । न्यूनतम शर्त तथा कार्यसम्पादन नतिजाको आधारमा जिविस, नगरपालिका तथा गाविसहरुलाई नेपाल सरकारले उपलव्ध गराउने अनुदानमा थपघट गर्ने मात्र नभई स्थानीय निकायका सवल पक्षका अतिरिक्त कमजोरीहरु पत्ता लगाई स्थानीय निकायको क्षमता अभिवृद्धि गर्दै सुधारका उपायहरु अवलम्वन गर्न समेत यो पद्धति अत्यन्त उपयोगी सिद्ध भएको छ । यस पद्धतिले स्थानीय निकायको सेवा प्रवाह, कार्यसम्पादन, सुशासन, पारदर्शिता, समावेशी विकास, सहभागिता, वित्तीय अनुशासन, वित्तीय जोखिम न्यूनीकरण जस्ता पक्षहरुमा महत्वपूर्ण सहयोग पुर्याएको छ । तसर्थ न्यूसकाश मापन पद्धतिले कार्यसम्पादन मापनका आधारमा नेपाल सरकारवाट स्थानीय निकायलाई उपलव्ध गराउने निशर्त थप अनुदानमा सामान्य थपघट गर्ने र स्थानीय निकायको आन्तरिक एवं वाह्य स्रोतको समग्र व्यवस्थापनमा उल्लेखनीय सूधार गर्ने हुँदा यसलाई स्थानीय निकायको शासन, विकास र सेवा प्रवाह पद्धतिमा सकरात्मक उपलव्धि हासिल गर्ने औजारको रुपमा वुझीदिनु हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा स्थानीय निकाय वित्तीय आयोगको सचिवालय सवैमा हार्दिक अनुरोध गर्दछ ।

पूर्णचन्द्र भट्टराई
सह सचिव एवम् प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७२।४।७

आवश्यक प्रसार प्रचारका लागि ।